# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०६।१७ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

बिराटनगर महानगरपालिका, घर जग्गा सम्पत्ति कर शाखामा कार्यरत खरिदार तिलकमणि पोखरेल र कार्यालय सहयोगी बुधलाल सरदारले घर बहाल कर र सम्पत्ति करबापत राजश्व मिलाएर काटिदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिइ गएको टोलीले निजहरूलाई रु.११,४४५।- (एघार हजार चारसय पैलालीस) घुस रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निज कार्यालय सहयोगी बुधलाल सरदारले सेवाग्राहीबाट रु.२,०००।- र खरिदार तिलकमणि पोखरेलले रु.९,४४५।- (नौ हजार चारसय पैतालिस) घुस रिसवत लिएको पुष्टि हुन आई निजहरुले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निज सहयोगी बुधलाल सरदारलाई रु.२,०००।-(दुई हजार) र खरिदार तिलकमणी पोखरेलले रु.९,४४५।-(नौ हजार चारसय पैतालीस) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(मदन कोइराला)
उपसचिव एवं सहायक प्रवक्ता